नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

प सं: ०७५/०७६

च नं: १०

फोन नं: ०१-४२००५११

मिति: २०७५ /०४ /०८

श्री जिल्ला समन्वय समिति (सबै) ।

श्री गाउँपालिका / नगरपालिका (सबै) ।

विषय: स्थानीय तहको कर्मचारीको अवकाश तथा अन्य सुविधा सम्बन्धमा ।

साविकका जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई अनिवार्य अवकाश तथा स्वेच्छिक अवकाश पछि कर्मचारीले प्राप्त गर्ने सुविधाको सन्दर्भमा दुविधा भएको भनि कतिपय स्थानीय तहवाट सोधनी भएको विषय मन्त्रालयमा निर्णयको लागि पेश हुदाँ साविकको स्थानीय निकायका स्थायी कर्मचारीले अवकाश पछि पाउने सुविधाको सन्दर्भमा देहाय अनुसार गर्ने गरी सबै स्थानीय तहलाई लेखी पठाउने भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७५।०४।०७ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपशिल

१. साविकका जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई अनिवार्य अवकाश तथा स्वेच्छिक अवकाश लिने कर्मचारीलाई साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा व्यवस्था भएको सुविधामात्र प्रदान गर्ने ।
२. साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था अनुरूपको सुविधा वाहेक कुनै कार्यकारी निर्णय, विनियमावली तथा नियमावली बनाई थप कुनै सुविधा दिने व्यवस्था गरेकोमा त्यस्तो सुविधा नदिने र यस्ता कार्यकारी निर्णय, विनियमावली तथा नियमावली अनुसार दिईएको थप सुविधा छ भने असुल उपर गर्ने ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन ।